# संचारिका
## फिचर सेवा

वर्ष १३, अङ्क ६ भदौ/असोज September 2011

नेपालमा लैङ्गिक हिंसा सदियौँदेखि कायम छ। सामान्यतया लैङ्गिक हिंसा भन्नाले लिङ्गको आधारमा हुने हिंसालाई बुझाउँछ। नेपालमा पुरुषभन्दा महिला भएकै कारणले हुने हिंसाको मात्रा अत्यधिक भएका कारणले यहाँ लैङ्गिक हिंसाको कुरा गर्दा महिलामाथिको हिंसाको रूपमा लिने र बुझ्ने गरिएको छ। लैङ्गिक आधारमा हुने हिंसाको सबैभन्दा पुरानो स्वरूप घरेलु हिंसालाई मानिन्छ र घरेलु हिंसाका पनि अनेक रूपहरू छन्। नेपालमा लैङ्गिक हिंसाको न्यूनीकरणका लागि प्रयासको थालनी चन्द्रशमशेरका पालामा (सन् १९२०) सतीप्रथाको उन्मूलनबाट भएको थियो भन्न सकिन्छ। त्यसपछिका दिनहरूमा हिंसाका बदलिँदा स्वरूपसँगै लैङ्गिक हिंसाका विरुद्ध विभिन्न सामाजिक अभियान तथा कानुनी प्रयासहरू जारी छन्।

महिला र सञ्चारको क्षेत्रमा कार्यरत सञ्चारिका समूहले आफ्नो स्थापनाकालदेखि नै लैङ्गिक हिंसाविरुद्धको अभियानलाई महत्वका साथ अगाडि बढाइरहेको छ। यो फिचर सेवा यस अभियानको एउटा हिस्सा हो।

**महिलाको इतिहास मूलतः मौनताको इतिहास हो। हाम्रा धेरै आमा, हज़ुरआमाले आफ्माथि भएका अन्यायलाई चुपचाप सहे, हामी यसलाई तोडौँ !!**

## बेचविखनविरुद्धको अभियानमा आमाहरू

# मोबाइलका कारण बढ्दो चेलिबेटी बेचविखन

**छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागिर लगाइदिने, प्रेम तथा बिहे गर्ने बहानामा युवतीलाई सीमा कटाउने क्रम बढेको बेचविखन तथा ओसारपसार नियन्त्रणको काममा कार्यरत सङ्घ-संस्थाको अनुसन्धानले देखाएको छ ।**

**✍ अमृता अनमोल**

झन्डै अढाई वर्षअघि घरेलु कामका लागि काठमाडौं गएकी रूपन्देहीको चिलिया गाविस नागथानकी १५ वर्षे निर्मला चौधरी अझै घर फर्केकी छैनन् । उनी कहाँ, कस्तो अवस्थामा छिन् भन्नेबारे घरपरिवारलाई थाहा छैन । गत वर्ष वैदेशिक रोजगारीका लागि इजरायल जान भनेर हिँडेकी नागथानकै शान्ति मल्ल भने दुई महिनासम्म भारतको दिल्लीमा पाउनुसम्मको दुःख पाएर घर फर्किन् । इजरायल लैजाने भनी दिल्लीकै एक होटलमा यौनधन्दामा फसाइएकी उनलाई छिमेकी दाजु शोभाखर खनालले देखेपछि उद्धार गरेर ल्याएका थिए ।

निर्मला र शान्तिजस्ता गाउँका चेलिबेटीहरू हराउने र गलत ठाउँमा ओसारपसार हुने क्रम बढेपछि चिलिया गाविसका आमाहरूले अहिले त्यसलाई रोक्न स्वतस्फूर्त रूपमा सतर्कता अभियान थालेका छन् । गाउँमा सक्रिय आमा समूह, महिला समूह, बचत समूह, शान्ति दबाब समूह, युवा समूह, टोल समूहलगायतमा आबद्ध महिलाले सतर्कता अभियान थालेका हुन् । अभियानमा सक्रिय महिलाले अहिले पढाइ तथा रोजगारीका लागि गाउँबाट सहर तथा विदेश जाने चेलिबेटी, बिहे गरेर जाने छोरीचेली, अस्थायी तथा स्थायी बसाइँसराइ गरेर जाने-आउने चेलिबेटीको तथ्याङ्क राख्ने र परामर्श दिने गरेका छन् । 'बिहे, पढाइ, रोजगारी र बसाइँसराइ यी चारै माध्यमबाट चेलिबेटीको बेचविखन र गलत ओसारपसार हुने भएकाले उनीहरूलाई एक ठाउँबाट अर्को ठाउँमा जाँदा अपनाउनुपर्ने सावधानीबारे सिकाउँछौं,' अभियानमा सक्रिय सिर्जनशील शान्ति दबाब समूहकी सदस्य लक्ष्मी मल्लले बताइन् । उनका अनुसार बिहे हुँदै छ भने कोसँग, कहाँ, केटोले के काम गर्छ, गाउँमा कसको नाता पर्ने हो ? त्यसबारे महिलाले पक्का जानकारी राख्न सल्लाह दिन्छन् । रोजगारीका लागि जाने भए कहाँ जाने हो, कोसँग जाने हो, के काम गर्ने हो, कति तलब पाउने हो, विदेश जानका लागि सबै कागजात र प्रक्रिया पूरा भएको छ-छैन त्यसबारे रोजगारीमा जाने चेलीले बुझेपछि मात्र जाने प्रक्रिया थाल्न अह्राउँछन् । 'बसाइँसराइ गरेर जाने र पढ्न जानेका सन्दर्भमा भने ऊ कुन ठाउँमा जाने हो, त्यहाँको रहनसहन कस्तो छ, अपरिचित मान्छेसित कसरी व्यवहार गर्नेजस्ता कुराहरूबारे सामान्य कुराहरू सिकाउँछौं,' सदस्य लक्ष्मीले भनिन् ।

रूपन्देहीका चिलियासहित पड्सरी, टिकुलीगढ, करहिया, मधौलिया, देवदह, सिद्धार्थनगर नगरपालिका, बुटवल नगरपालिकालगायतका क्षेत्रमा पनि महिलाहरू बेचविखनविरुद्धको अभियानमा लागेका छन् । बेलाबेलामा माइती नेपाल भैरहवा, महिला विकास कार्यालय, नमुना एकीकृत विकास परिषद्लगायतबाट मानव बेचविखन, ओसारपसार तथा सुरक्षित स्थानागमनबारे तालिम पाएका महिलाले स्थानीय सङ्घ-संस्था, सरकारी कार्यालयलगायतसँगको सहयोगमा निरन्तर बेचविखन तथा ओसारपसारविरुद्ध सडकनाटक, र्‍याली, छलफल, सभालगायत पनि गर्ने गरेका छन् । आ-आफ्ना समूहका बैठक, गोष्ठी र छलफलमा समेत यसबारे सिकाउने गरेका छन् ।

मासिक रूपमा गाविसका विद्यालय तथा किशोर-किशोरी समूहलाई पनि बेचविखन र ओसारपसारको जोखिमबाट बच्ने तरिकाबारे सिकाउने गरेका छन् । गाविसबाट गलत तथ्याङ्क दिँदा, गलत सिफारिस गर्दा पनि कतिपय अवस्थामा चेलिबेटीहरू गलत ठाउँमा पुग्ने भएकाले गाविससचिव तथा उनीहरूले दिने सिफारिसप्रति पनि निगरानी राख्न थालेको अभियानमा सक्रिय करहियाकी गीता क्षेत्रीले बताइन् । 'सत्यतथ्य नबुझी नागरिकता, विवाह, जन्मदर्ता गरिदिने, नाता प्रमाणित, बसाइँसराइलगायतका सिफारिस दिने गर्दा चेलिबेटी बेचविखन तथा ओसारपसार बढेकाले त्यस्तो हुन नदिन गाविससचिव र दलहरूसित सहकार्य थालेका हौँ,' उनी भन्छिन् ।

माइती नेपाल रूपन्देहीकी प्रमुख प्रभा खनाल मानव बेचविखन तथा ओसारपसारविरुद्ध र सुरक्षित स्थानागमनबारे अपनाउनुपर्ने सजगताबारे स्थानीयलाई सिकाउने हो भने कम्तीमा त्यो गाउँका चेलिबेटीमा त्यस्तो समस्या नआउने भएकाले जोखिमपूर्ण क्षेत्रका महिलालाई सतर्कता अभियानमा सहभागी बनाएको बताउँछिन् । 'विभिन्न समूहमा रहेर सामाजिक क्षेत्रमा कार्यरत उनीहरूले स्वतस्फूर्त तथा सङ्घ-संस्थाको सहयोगमा पनि सचेतनामूलक कार्यक्रम गर्ने गरेका छन्,' खनाल भन्छिन् ।

देशकै ठूलो खुला सीमाक्षेत्र बेलहिया नाकालगायत झन्डै दुई दर्जन खुला सीमा भएकाले यहाँको सडक प्रयोग गरेर मानव बेचविखन तथा ओसारपसार गर्ने क्रम बढ्दो छ । यो वर्ष मात्रै जिल्ला प्रहरी कार्यालयमा २३ जना चेलिबेटी बेखबर रहेको उजुरी परेको छ । माइती नेपाल भैरहवामा ५० उजुरी परेका छन् । हराएका यस्ता धेरै चेली बेचिएका कारण भेटिन सक्ने अवस्था छैन । बेचविखन तथा ओसारपसारका विषयमा अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेको अध्ययनअनुसार प्रतिवर्ष नेपालका करिब १२ हजार चेलिबेटी बेचविखन तथा ओसारपसारको सिकार हुने गरेका छन् । छिमेकी देश भारतको मुम्बई, कोलकाता, पुनालगायतका सहरमा मात्रै करिब दुई लाख चेली बेचविखनमा परेका छन् । भारत हुँदै खाडी मुलुकमा बेचिने चेलिबेटीको सङ्ख्या पनि अहिले बढ्दो छ । अध्ययनअनुसार दलालहरूले बहिनी, श्रीमती, छोरीलगायतका नाता लगाएर भारत तथा तेस्रो मुलुकमा काममा लगाइदिने तथा सँगै बस्ने बहानामा नेपाली युवतीलाई सीमा कटाउने गरेका छन् । युवतीकै नातेदार र घरपरिवारलाई सीमा कटाउन लगाएर पनि युवतीको बेचविखन तथा ओसारपसार हुने गरेको छ । जसमा शिक्षाको कमी, आर्थिक विपन्नता, खुला सीमा, असुरक्षित बसाइँसराइ प्रमुख छन् । पारिवारिक हिंसा, अभिभावकको हेलचेक्र्याइँ, अपरिपक्वता, छिटो धनी र सुखी बन्ने सपनाले पनि कतिपय नेपाली चेली बेचिएका छन् । पछिल्लो अध्ययनअनुसार, सञ्चारको सुलभ माध्यम मोबाइल पनि त्यसको कारक बनेको छ । मोबाइल फोनको दुरुपयोग गर्दै अपरिचित मान्छेले नाता जोडेर चेलिबेटी बेचविखन तथा ओसारपसार गर्ने क्रम बढेको छ । छोटो समयमा अपरिचित मान्छेले फोन गर्ने, नाता जोड्ने, भेटघाट गर्ने र राम्रो जागिर लगाइदिने, प्रेम तथा बिहे गर्ने बहानामा युवतीलाई सीमा कटाउने क्रम बढेको बेचविखन तथा ओसारपसार नियन्त्रणको काममा कार्यरत सङ्घ-संस्थाको अनुसन्धानले देखाएको छ । अरूको देखासिकी गरेर राम्रो लुगा लगाउने, मीठो खाने, छिटो धनी बन्ने, धनी केटासँग प्रेम तथा बिहे गर्ने मनोकाङ्क्षा पालेका अशिक्षित तथा अल्पशिक्षित आर्थिक विपन्न युवतीहरू बढी मात्रामा बेखविखनको जोखिममा परेका छन् । घरपरिवारबाट हिंसामा परेका, अभिभावक गुमाएका तथा एकल महिलासमेत मोबाइलको माध्यमबाट बेचविखनको उच्च जोखिममा परेका छन् । 'मोबाइल फोनले दलाललाई अपरिचित युवतीसित हिमचिम बढाउन मात्र होइन भनेको समय र स्थानमा अति गोप्य तरिकाबाट बोलाउन, भेट्न पनि सहयोग गर्दोरहेछ,' रूपन्देही प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक रवीन्द्रनाथ रेग्मी भन्छन् । रेग्मीका अनुसार बेचविखनमा नयाँ प्रविधिको खोजी गरिरहेका दलालले पछिल्लो समयमा मोबाइल फोनको सबैभन्दा बढी दुरुपयोग गरेका छन् । मोबाइलकै कारण युवतीहरू पक्राउ परेपछि बेचविखनमा संलग्न दलालहरू सुरक्षित स्थानमा पुग्ने गरेका छन् । जसले गर्दा उनीहरूलाई पक्राउ गर्न पनि जटिलता बढेको छ । माइती नेपाल रूपन्देही शाखाका अनुसार गत एक वर्ष भारतको विभिन्न स्थानबाट उद्धार गरेर फर्काइएका ४१ जनामध्ये ५० प्रतिशत युवती मोबाइल फोनबाट सम्पर्क भएपछि विश्वासमा परेर बेचिएका थिए । यस्तै नेपाल-भारत सुनौली नाका हुँदै भारत तथा

तेस्रो मुलुकमा लैजाँदै गर्दा पक्राउ परेका तथा कार्यालयले अस्थायी आवास उपलब्ध गराएका तीन सय ३९ जना र मनोसामाजिक मनोविमर्श तालिम लिएका दुई सय ५० जनामध्ये अधिकांश युवतीले मोबाइल फोनको सम्पर्कका माध्यमबाट बेचविखनको जोखिममा परेको बताएका थिए। यस्तो स्थिति अन्य संस्थामा पनि छ। रूपन्देही तथा कपिलवस्तुमा रहेर बेचविखन तथा ओसारपसार नियन्त्रणमा कार्यरत सर्भ नेपालले एक वर्षमा उद्धार गरेका तीन दर्जन युवतीमध्ये धेरैजसो मोबाइलको माध्यमबाटै सम्पर्क बढाएर नाता जोडिने व्यक्तिबाट बेचविखनमा परेका थिए। शङ्कास्पद अवस्थामा समातिएका झन्डै पाँच सयजनामा ५० प्रतिशतले आफूहरू मोबाइलका कारण पार्टनर बनेको बताएका थिए। बेचविखनविरुद्ध कार्यरत केआई नेपालको तथ्याङ्कले पनि पछिल्लो समयमा मोबाइलका कारण चेलिबेटी बेचविखनका घटना हुने गरेको देखाएको छ।

*साभार : संचारिका फिचर सेवा*

*(अमृता रूपन्देहीस्थित कान्तिपुर दैनिककी संवाददाता हुन्।)*

# गर्भमै विभेद

**✍ अञ्जु न्यौपाने**

**कानुनले लिङ्ग पहिचान गरी गर्भपतन गराउनुलाई अपराध भनेको छ। मुलुकी ऐनमा लिङ्ग पहिचान र गर्भपतन गर्ने/गराउने दुवैलाई ज्यानसम्बन्धी मुद्दाअन्तर्गतको अपराधको दफामा सजायको व्यवस्था गरिएको छ।**

वीरगञ्ज गहवाकी गीतादेवीले दुई वर्षभित्रै चारपटक गर्भपतन गराइन्। दक्ष स्वास्थ्यकर्मीको सहयोगमा गर्भपतन गराए पनि पटक-पटकको गर्भपतनले गीताको स्वास्थ्य कमजोर बनेको छ। गर्भपतन उनको रहर त थिएन तर लोग्ने र परिवारका सदस्यको दबाबमा बाध्य भइन्। 'घरपरिवारको करकापमा परेर गर्भपतन गर्न बाध्य भएँ,' गीतादेवीले भनिन्, 'जसरी पनि छोरा चाहियो भन्नुहुन्छ, थाहा छैन अझै कति सास्ती झेल्नुपर्ने हो।' चारैवटा गर्भमा छोरी भएको पत्ता लागेपछि वीरगञ्जकै सुविधासम्पन्न नर्सिङहोममा उनले गर्भपतन गराएकी थिइन्। समाजमा अझै पनि वंश चलाउन छोरा नै चाहिन्छ भन्ने रुढीवादी सोचका कारण कैयौं गीतादेवीले गर्भपतन गराइरहेका छन्। खासगरी तराई क्षेत्रमा रहेको दाइजो प्रथा तथा छोरा र छोरीबीचको विभेदले गर्भपतनलाई प्रेरित गरेको छ।

राज्यले १२ हप्तासम्मको अनिच्छित गर्भपतनलाई कानुनी मान्यता दिएको छ। कानुनको आसय महिलाको हितमा हुँदाहुँदै पनि त्यही कानुनको आडमा लिङ्ग पहिचानपश्चात् छोरा भए जन्म दिने र छोरी भए भ्रुण हत्या गर्ने काम भइरहेको छ। कुनै पनि माध्यमबाट गर्भमा रहेको शिशुको लिङ्ग पहिचान र पहिचानपछिको गर्भपतन दुवै कानुनी रूपमा अपराध मानिन्छन्।

पर्सा अलौकी रिनादेवीले पनि दुई छोरीलाई जन्म दिएपछि रहेको अर्को गर्भको भिडियो एक्सरे गराइन्। गर्भमा फेरि छोरी नै रहेको थाहा पाएपछि परिवारकै दबाबमा गर्भपतन गराउन बाध्य भइन्। 'मरेपछि छोराले नै दागबत्ती नदिए स्वर्ग गइन्न, छोरै चाहिन्छ भन्ने करकापमा

गर्भ नास गराएँ,' रिनादेवीले आफ्नो विवशता पोखिन्। रौतहट जुडिबेलाकी बबिता साहको व्यथा गीतादेवी र रिनादेवीको भन्दा फरक छैन। उनले पनि छोरा जन्माउने आशमा दुईपटक गर्भपतन गराइसकेकी छिन्। छोरी जन्माए अर्की विवाह गर्ने श्रीमान्को धम्कीका कारण बबिता गर्भपतन गराउन बाध्य भएकी हुन्। परम्परागत रुढीवादी संस्कार र लैङ्गिक विभेदका कारण गर्भमै लिङ्ग पहिचान गरी छोरी भए गर्भपतन गराउने क्रम बढेको छ। कैयौँ महिलाले कर वा रहर दुवैमा गर्भपतन गराइरहेका छन्।

लिङ्ग पहिचान गरी छोरी भए गर्भपतन गराउनाले अझै पनि समाजमा व्याप्त लैङ्गिक विभेद र हिंसालाई उजागर गरेको महिला अधिकारवादीहरूको ठम्याइ छ। अधिकारवादी एवम् कानुन-व्यवसायी रमारानी श्रेष्ठ महिलामाथि गर्भमै हुने विभेदले गलत सामाजिक मनोविज्ञानलाई प्रस्ट पारेको बताउँछिन्। 'विभेदको यो अवस्था कायमै रहे मानवसभ्यता नै धरापमा पर्ने निश्चित छ। यस्तो अपराध नियन्त्रणका लागि राज्य र राज्य परिचालित संयन्त्र गर्भमै भइरहेको लैङ्गिक हिंसाप्रति संवेदनहीन बनेको छ,' श्रेष्ठको भनाइ छ।

छोरा र छोरीबीच चरम विभेद देखिने तराईका जिल्लामा लिङ्ग पहिचानपछि गर्भपतन गराउने कार्य बढी भएको पाइएको छ। राजनीतिक, सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा छोरालाई महत्व दिइनाले लैङ्गिक विभेद बढाएको हो। त्यसो त एसियाका धेरै देशमा गर्भको लिङ्ग पहिचान गरी स्त्री-भ्रुण हत्या गर्ने बढ्दो प्रचलनले भविष्यमा अनेकौं सामाजिक समस्या आउन सक्ने चेतावनी राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले दिइसकेको छ। यदि यही अवस्था जारी रहे भविष्यमा यौनहिंसा र महिला बेचविखनसमेत अझ वृद्धि भएर जाने राष्ट्रसङ्घको चेतावनी छ।

नेपालमा सुरक्षित गर्भपतनले कानुनी मान्यता पाएको नौ वर्ष पूरा भएको छ। तर, लिङ्ग पहिचानपश्चात् गरिने गर्भपतनलाई कानुनले अपराध मान्दै सजायको व्यवस्था गरेको छ।

प्रजनन स्वास्थ्यका क्षेत्रमा काम गर्दै आएको संस्था मेरी स्टोप्स सर्भिसेजले वीरगञ्जमा मात्र वर्षेनी सरदर दुई हजार पाँच सयको सङ्ख्यामा सुरक्षित गर्भपतन गराउँदै आएको छ। मेरी स्टोप्स वीरगञ्ज शाखा संयोजक बालमुकुन्द उप्रेतीले अनिच्छित रूपमा रहन गएको १२ हप्ताभित्रको गर्भको सुरक्षित गर्भपतन गराइँदै आएको जानकारी दिए। यही हाराहारीमा वीरगञ्जको एक मात्र सरकारी अस्पताल नारायणी उपक्षेत्रीय अस्पतालमा पनि गर्भपतन हुने गरेको अस्पतालले जनाएको छ। तर, यी स्वास्थ्य निकायमा कानुनी मान्यता प्राप्त १२ हप्तासम्मको गर्भको मात्र गर्भपतन हुने दाबी सम्बद्ध संस्थाको छ। राज्यले अनिच्छित अवस्थामा रहन गएको गर्भपतनलाई कानुनी मान्यता दिएपछि सुरक्षित गर्भपतन बढे पनि लिङ्ग पहिचानपछि गर्भपतन पनि वृद्धि भएको सम्बद्ध संस्था र अनुभवीहरूले बताएका छन्।

वीरगञ्जमा अधिकांश स्त्री तथा प्रसूति रोग विशेषज्ञमात्र होइनन् पुराना र केही अनुभवी नर्ससमेत यो कार्यमा संलग्न रहेको पाइएको छ। थ्रीडी भिडियो एक्सरेको नाउँमा दुई हजार रुपैयाँसम्म लिएर चार महिना पुगेको गर्भको लिङ्ग पहिचान गरिन्छ। लिङ्ग पहिचानपछि नर्सिङहोम तथा डाक्टर र नर्सहरूले मौका हेरी पाँच हजारदेखि २० हजार रुपैयाँसम्म लिएर गर्भपतन गराउने गरेको जानकारहरूको दाबी छ। वीरगञ्जमा बारा, पर्सा, रौतहट, सर्लाही, मकवानपुरलगायतका जिल्लाबाट गर्भपतनका लागि महिलाहरू आउने गरेका छन्। वीरगञ्जमा मात्र होइन भारतीय सीमावर्ती सहर रक्सौलका विभिन्न क्लिनिकमा समेत गर्भपतन गराइन्छ। नारायणी उपक्षेत्रीय अस्पताल वीरगञ्जकी प्रसूति रोग विशेषज्ञ डाक्टर लक्ष्मी थापा स्वास्थ्य क्षेत्रमा लिङ्ग पहिचान र गर्भपतन अपराध र गलत व्यावसायिक कार्य हो भन्छिन्। लिङ्ग पहिचानपछि गर्भपतन गराउँदा कतिपय महिलाको ज्यानै जोखिममा पर्ने गरेको डाक्टर थापाको भनाइ छ।

कानुनले लिङ्ग पहिचान गरी गर्भपतन गराउनुलाई अपराध भनेको छ। मुलुकी ऐनमा लिङ्ग पहिचान र गर्भपतन गर्ने/गराउने दुवैलाई ज्यानसम्बन्धी मुद्दाअन्तर्गतको अपराधको दफामा सजायको व्यवस्था गरिएको छ। पर्सा जिल्लाका न्यायाधिवक्ता रामकुमार थापाका अनुसार, लिङ्ग पहिचान गर्ने/गराउनेलाई तीनदेखि ६ महिना र लिङ्ग पहिचान गरी गर्भपतन गर्ने/गराउनेलाई ६ महिनादेखि दुई वर्षसम्मको कैद सजायको व्यवस्था रहेको छ। तर, अपराध अनुसन्धान र मुद्दा

चलाउने कार्य भने शून्य छ । हालसम्म गैरकानुनी गर्भपतनमा अनुसन्धान कारबाहीको तथ्याङ्क न प्रहरीसँग छ न त अदालतबाट यस अपराधमा सजाय भएको नै भेटिएको छ । कानुन व्यवसायी अञ्जन अधिकारीले गर्भपतनको अपराधमा हालसम्म मुद्दा नआएको बताए । कानुनको प्रभावकारी कार्यान्वयन नहुनु तथा घरपरिवारको दबाब र मिलेमतोमा नै गर्भपतन हुने भएकाले मुद्दा नआएको अधिवक्ता अधिकारीको बुझाइ छ । अशिक्षा र जनचेतनाको कमीका कारण व्याप्त छोराछोरीबीचको भेदभावले गैरकानुनी भ्रुणहत्यालाई बढावा दिएकाले विद्यमान दाइजो प्रथाको अन्त्य हुन सके पनि महिलामाथि गर्भमै हुने विभेदपूर्ण अपराधमा कमी आउनसक्ने पत्रकार चन्द्रकिशोर झाको धारणा रहेको छ । महिला अधिकार र लैङ्गिक हिंसा तथा अपराधविरुद्ध कार्यरत सङ्घ-संस्थाहरूको पहल सशक्त हुन नसक्नुले पनि अपराध गर्नेहरू उम्किइरहेको सरोकारवालाको भनाइ छ ।

*साभार : संचारिका फिचर सेवा*

*(अञ्जु तराई टेलिभिजन र रेडियो वीरगञ्जमा कार्यरत पत्रकार हुन् ।)*

# महिला हिंसाका पुराना यी रूपहरू

**गङ्गामाथिको विभेदपूर्ण व्यवहार, सत्यवती प्राप्तिका लागि सन्तनुले गरेका व्यवहार, दृष्टिहीन धृतराष्ट्रसँगको नचाहँदा-नचाहँदै गान्धारीको अनमेल विवाह, कुन्तीमाथि सूर्यद्वारा गरिएको बलात्कारबाट जन्मिएका कर्णका कारणले भएका हिंसात्मक कार्यले बढावा पाएको देखिन्छ । परापूर्वकालमा महिलामाथि हुने यौनहिंसाको उदाहरण हो महाभारत ।**

**✍ हरिविनोद अधिकारी**

**नेपालमा लैङ्गिक हिंसा**

लैङ्गिक हिंसाले पुरुष र महिला दुवैलाई हुने हिंसा भन्ने जनाए तापनि नेपालको परिप्रेक्ष्यमा लैङ्गिक हिंसा भन्नाले महिलामाथि र बालिकामाथि हुने हिंसालाई नै जनाउँछ । महिलामाथि हुने लङ्गिक हिंसाका स्वरूपहरू हुन्- हत्या, कुटपिट, यौनशोषण, दाइजोसँग सम्बन्धित अत्याचार, बलात्कार, वैवाहिक बलात्कार, जबर्जस्ती करणीबाट गर्भधारण, यातना, महिलालाई क्षति पुऱ्याउने परम्परागत चलन, पति वा पतिका नातेदारहरूबाट हुने हिंसाजन्य व्यवहार, शोषणसँग सम्बन्धित हिंसा, कार्यालय वा अन्य कार्यक्षेत्रमा काम गर्ने सिलसिलामा हुने यौनजन्य व्यवहार तथा दुर्व्यवहार, बालिका तथा महिला बेचविखन तथा बाध्यताका साथ गराइने देहव्यापार आदि ।

गर्भमा केटा भ्रुण भए बचाउने तर केटी भ्रुण भए गर्भपतन गराउने प्रचलन नेपालमा पनि देखिन थालेको छ । गर्भको बच्चा पत्ता लगाउनेबारे अत्याधुनिक प्रविधिको विकास भएकोमा खुसी व्यक्त गर्दागर्दै पनि अवैधानिक रूपमा गर्भपतन हुन थालेको र भ्रुण हत्याजस्तो जघन्य अपराध हुन थालेको पाइन्छ । यसो हुनुमा वैज्ञानिक प्रविधिको दुरुपयोग गर्दा पनि घरेलु हिंसा हुन्छ र यसमा पनि महिला नै पीडित हुनुपरेको छ । महिलाविरुद्ध हिंसा गर्भबाटै यसरी सुरु हुने गर्दछ । नजन्मँदैदेखि लैङ्गिक विभेदको सिकार हुनुपर्छ ।

यसैगरी शिक्षा, स्वास्थ्य, खाना र आवासको सुविधादेखि सामाजिक क्रियाकलापमा समेत महिलालाई विभेद गरिएको पाइन्छ । बालिकाको श्रमशोषण, बलात्कार, यौनशोषण अहिले प्रचलित घरेलु हिंसा बनेका छन् ।

युवतीहरूलाई चरम यौनशोषण, बलात्कार, वैवाहिक बलात्कार, श्रमशोषण, आफ्ना नजिकका नातेदारबाटै बेचविखन हुनुपर्ने हालका देखिएका घरेलु हिंसा र लैङ्गिक हिंसाका स्वरूप हुन्। वृद्धावस्थामा नगरेको काममा पनि गाली, बेइज्जती, बोक्सीको आरोपमा मलमूत्र ख्वाउने प्रवृत्ति, कुटपिट, मानसिक यातना, घरबाट छोराबुहारी वा छोरीज्वाइँले निकाल्ने र बेघरबार बनाउने चलन र यौन दुर्व्यवहारसमेत भएका घटना सुन्न र देख्न पाइन्छ। केटीको विवाहको उमेर कम्तीमा पनि १८ वर्ष हुनैपर्ने भनिए तापनि कतिपय व्यवहारमा त्योभन्दा कम उमेरमा अनमेल विवाह गर्ने र बालविवाहलाई अझै परम्पराबाट हटाउन नसकिएको यथार्थ हाम्रासामु विद्यमान छ। सार्वजनिक स्थानमा हुने लैङ्गिक हिंसामा बलात्कार, यौनशोषण तथा कार्यक्षेत्रमा गरिने यौनजन्य दुर्व्यवहार, महिला तथा बालिकाको बेचविखन, परम्परागत विभेदपूर्ण प्रचलनहरूजस्तै दाइजोका लागि रकम दिने तथा लिने, देउकी प्रथा, झुमा प्रथा, छाउपडी प्रथालाई लिन सकिन्छ। जनसाङ्ख्यिक सर्वेक्षण २००६ अनुसार २३ प्रतिशत महिला र २० प्रतिशत पुरुषले हाम्रो परिवार तथा समाजमा लैङ्गिक हिंसा छ र त्यसबाट घरेलु हिंसालाई प्रश्रय दिइएको छ भनी स्वीकार गरेका थिए। यसबाट मुक्ति पाउन नै सन् २०१० लाई नेपालले लैङ्गिक हिंसाविरुद्धको वर्ष भनी मनाएको थियो।

नेपालमा लैङ्गिक हिंसाले परम्पराको रूपमा घरेलु हिंसाको रूप लिएको छ। यसलाई कमी गर्दै लैङ्गिक सन्तुलन र सामाजिक न्यायका दृष्टिले लैङ्गिक समानताको रूपमा हाम्रा समाजलाई डोऱ्याउनु जरुरी छ। यसका लागि महिलाको मात्रै भूमिकाले पुग्दैन, समाजका सबै तह र वर्गको समानुपातिक तवरले सहयोग र सहकार्य जरुरी छ।

**पौराणिक तथा ऐतिहासिक उदाहरणबाट पनि सिकौँ**

हाम्रो समाजमा सबैभन्दा मानिने ग्रन्थ भनेको रामायण र महाभारत पर्छन्। श्रीमद् भागवतलाई त हाम्रो पूर्वीय समाजको महान् ग्रन्थमात्र नभएर मोक्षको एउटा सरल माध्यमको रूपमा पनि लिइएको छ। रामायणमा समेत सीतामाथि गरिएको दुर्व्यवहारले त्यत्रो लङ्का साम्राज्य नै तहसनहस भयो। सीतामाथि अयोध्यामा गरिएको अपमानले रामराज्यमाथि सदैव कलङ्क नै लाग्यो। आफ्ना छोराहरू भनी नचिन्ने राम र रामलाई आफ्ना पिता भनी नचिन्ने लव र कुशले रामले सीतामाथि गरेको अत्याचारलाई सवाईमा वा श्लोकमा गाउँदा रामलाई बल्ल थाहा भयो कि आफूले कस्तो अत्याचार गरेको रहेछु। रामायणमा नै सुपर्णखाका पति विद्युज्जिह्वालाई रावणले भोलिका लागि आफ्नो प्रतिस्पर्धी हुने देखेर हत्या गरेपछि दाजुसँग रिसाएकी सुपर्णखाले जसरी भए पनि रावणको पतन गराउनका लागि महापुरुष खोज्दै जाँदा रामलाई फेला पारिन् तर त्यहाँ पनि उनीमाथि नाक-कान काटेर हिंसा नै गरियो। त्यसले गर्दा एकातिर सीताले अपहरित हुनुपऱ्यो भने अर्कातिर रावण र रामको भीषण युद्धको सुरुवात त्यहीँबाट भयो। यदि सुपर्णखामाथि हिंसा हुँदैनथ्यो भने रावणले सीतालाई अपहरण गर्नुपर्ने कारण देखिँदैन थियो। स्वयम् सीताजीमाथि गर्भदेखि नै हिंसा सुरु भएको पाइन्छ। मन्दोदरीले अवैध गर्भलाई लुकाउँदा पृथ्वीमा जीवित भ्रूण लुकाएको तथ्य थाहा हुन्छ। यसरी रामायणमा विवाद, युद्ध र नरसंहार हुनुमा महिलामाथिको हिंसा नै प्रमुख आधार पाइन्छ।

यसैगरी महाभारतमा द्रौपदीप्रति गरिएको यौनजन्य अपमान र दुर्व्यवहारले कौरवको एउटा वंशमात्र नाश भएन, त्यसबेलाको संस्कृतिको पनि नाश भयो। अर्बभन्दा बढी मानिस युद्धको विभीषिकाको सिकार भए र अन्ततः एउटा युग (द्वापर) कै अन्त भई अर्को युग (कली) को सुरुवात हुन पुग्यो। वास्तवमा गङ्गामाथिको विभेदपूर्ण व्यवहार, सत्यवती प्राप्तिका लागि सन्तनुले गरेका व्यवहार, दृष्टिहीन धृतराष्ट्रसँगको नचाहँदा-नचाहँदै गान्धारीको अनमेल विवाह, कुन्तीमाथि सूर्यद्वारा गरिएको बलात्कारबाट जन्मिएका कर्णका कारणले भएका हिंसात्मक कार्यले बढावा पाएको देखिन्छ। परापूर्वकालमा महिलामाथि हुने यौनहिंसाको उदाहरण हो महाभारत। काशीराजाका तीन छोरीलाई देवव्रतले आफ्नो भाइका लागि स्वयम्बरबाटै हरेर ल्याउँदा अम्बाको वैवाहिकजीवन तहसनहस भएको पाइन्छ। अघिल्लो जन्ममा आफूमाथि भएको अत्याचारको बदला लिनका लागि अम्बाको द्रुपद राजाका घरमा छोरीको रूपमा पुनर्जन्म भयो तर त्यो छोरीलाई छोरा नै भनी पालिएको र शस्त्रास्त्र सिकाइएको थियो। यस्तै कुन्ती, गङ्गा, सत्यवती, शकुन्तला, द्रौपदी, गान्धारीहरूको हिंसाको गाथा हो

महाभारत। हामीले हाम्रा पवित्र ग्रन्थहरू तथा पवित्र कथाहरूका आधारमा पनि महिलालाई हिंसात्मक कार्य अनवरत भइरहेमा हुने समाजको र सम्पूर्ण संस्कृतिको दुर्गति हुनसक्ने सम्भावनातर्फ सजग र सतर्क हुनुपर्छ। यी उदाहरणहरूलाई समेत आधार बनाएर हामीले हाम्रो व्यवहारलाई लैङ्गिक सन्तुलनतर्फ र सामाजिक न्यायतर्फ उन्मुख बनाउनुपर्छ। हामी रामायण, पुराण तथा महाभारतलाई आदर्श ग्रन्थका रूपमा स्वीकार गर्दछौं र त्यहाँका आदर्शलाई व्यवहारमा उतार्ने काम नै पुन्यको रूपमा स्वीकार गर्दछौं भने त्यहाँ वर्णित आदर्श व्यवहारलाई हाम्रा दैनिक कार्यमा प्रयोग गर्नु जरुरी छ। अनि मात्र नैतिक बलमा यो समाज चल्न सक्छ।

**घरेलु हिंसाबाट कसरी मुक्त हुने त ?**

घरेलु हिंसा तथा त्यसैको पर्यायवाचीको रूपमा रहेको महिला हिंसाबाट बच्नका लागि सबैभन्दा पहिले त चेतना जरुरी छ। चेतना शिक्षाको रूपमा, चेतना सामाजिक न्यायको स्वरूपको पहिचानका रूपमा, चेतना कानुनी प्रावधानका स्पष्ट दण्डका रूपमा र अमानवीय, जघन्य अपराधका रूपमा घरेलु हिंसालाई पहिचान गरी समाजको रूपान्तरण जरुरी छ। त्यसका लागि बालिका, महिला र वृद्धालाई शिक्षा नै आजको आवश्यकता हो। साथै महिला हिंसाविरुद्ध पुरुषलाई लक्षित गरेर पनि चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु जरुरी छ। वास्तवमा यो एउटा यक्षप्रश्न बनेको छ कि शिक्षा प्राप्त नभई सामाजिक चेतना प्राप्त हुँदैन र सामाजिक न्यायको प्रत्याभूति भनेको नै शिक्षाले मात्र दिन सक्दछ। कुन पहिले त ? सामाजिक न्याय प्राप्तिका लागि आवश्यक पर्ने चेतनाका लागि शिक्षा नै अपरिहार्य तत्व हो, त्यसैले पनि विश्वव्यापी रूपमा शिक्षालाई आधारभूत आवश्यकता र मौलिक हकको रूपमा लिइएको छ। अवसरका लागि पनि शिक्षा आवश्यक छ। सामाजिक न्यायको सिद्धान्तले पनि के भन्छ भने वञ्चित समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारले सुसज्जित पार्न पनि उनीहरूलाई सशक्तीकरण गर्नु अनिवार्य छ। मानवीय सशक्तीकरणका लागि शिक्षा नै पूर्वसर्त पनि हो र परिणाम पनि हो। त्यसैले सामाजिक न्याय प्राप्तिका लागि पहिलो पूर्वाधार नै शिक्षा उपलब्ध गराउनु हो। एउटा सर्वमान्य धारणा के छ भने शिक्षा प्राप्तिपछि सामाजिक न्याय प्राप्त गर्न सबै मानिस स्वतः सक्षम हुन्छन्। सामाजिक न्याय वितरणको लेखाजोखा गर्न पनि शिक्षाको आवश्यकता छ। हाम्रो सामाजिक न्याय महिला हिंसासँग जोडिएको छ।

*साभार : संचारिका फिचर सेवा*

*(हरिविनोद महाभारतकालिन शिक्षामा सामाजिक न्याय विषयमा विद्यावारिधी गर्दै गरेका वरिष्ठ पत्रकार हुन्।)*

# निशानामा बुहारी

**महिला हिंसा र हत्याको घटनामा प्रहरीले पीडकसँग मिलेर घटनालाई सामान्य तथा आत्महत्याको रूप दिने र कतिपय घटनामा राजनीतिक संरक्षण हुने हुनाले दोषीहरू उम्कने गरेको अधिकारकर्मीको भनाइ।**

**✍ विनोद ढकाल**

अङ्ग्रेजी मिति २०१० देखि २०१२ को अगष्टसम्ममा रौतहटमा एक दर्जन महिलाले दाइजोको नाममा मारिनुपर्‍यो। प्रहरी रिपोर्टअनुसार यसबीचमा १२ जना महिलाको

हत्या भएको थियो। अभियुक्तहरू केही कानुनी दायरामा छन्, केही फरार छन्। रौतहटमा अहिले पनि दाइजो नल्याएको निहुँमा बुहारी हत्या गर्ने, यातना दिने र घरनिकाला गर्ने क्रम रोकिएको छैन। न त न्यूनीकरणको कुनै सामान्य उदाहरणका लागि कुनै प्रभावकारी अभियान नै देखिएका छन्। रौतहटका सञ्चारकर्मी फणि महतका अनुसार विगत दुई वर्षमा मात्र बुहारीको हत्यालगायत दाइजोका नाममा भएका घटनाको समाचार केलाउने हो भने अखबारका कैयौँ पाना भरिन्छन्। उनले भने, 'दाइजोका नाममा हुने गरेका हत्या तथा यातनाका विभिन्न समाचार लामो समयसम्म लेखियो। तर, पनि यहाँको नागरिक समाज, राजनीतिक दलहरू र कानुनी निकायले घटनाको न्यूनीकरणका लागि गम्भीरतापूर्वक लागिपरेको देखिएन।'

रौतहटको सन्तपुर मटिऔन- ६ की १९ वर्षीया मञ्जुदेवीलाई विवाहमा कबोल गरेको १५ हजार नगद दाइजोमध्ये बाँकी रहेको पाँच हजार नल्याएको भन्दै विवाहको डेढ वर्षपछि सासू, ससुरा र पति मिलेर हत्या गरी राति नै शव जलाए। यस्तै ब्रह्मपुरी-९ की १८ वर्षीया ममतादेवी दासलाई पति, सासू-ससुरा मिलेर विवाहमा कबोलेको साइकल नल्याएको निहुँमा विवाहको दुई वर्षपछि हत्या गरी पीडक फरार भए।

पछिल्लो समय चन्द्रनिगाहपुर- ५ मा विवाह भएको डेढ महिनामा नै ५० हजार थप दाइजो नल्याएको निहुँमा किरणदेवी साहको ज्यान गएको छ। चन्द्रनिगाहपुर- ५ की २० वर्षीया किरणदेवी साहलाई २०६८ साउन १ गते आइतबार साँझ उनकै सासू उर्मिलादेवी गुप्ता, नन्द बेबी गुप्ता र पति गुड्डु गुप्ता मिली हत्या गरी घरकै सिलिङ पङ्खामा झुन्ड्याएको मृतकका दाजु बद्री साहको भनाइ छ। चन्द्रनिगाहपुरको राजमार्गमा फलफूलको व्यापार गर्दै आएका गुड्डु गुप्ता र किरणदेवी साहको गएको जेठ १५ गते सामाजिक परम्पराअनुसार विवाह भएको थियो।

विवाहको समयमा दुई लाख १० हजार रुपैयाँसहित सरसामान दाइजो दिएको र ५० हजार नपुगेको भन्दै परिवारका सदस्यले मृतकको माइतीमै गएर सधैंजसो झगडा गर्ने गरेको माइती पक्षको भनाइ छ। घरको सिलिङ पङ्खामा झुन्डिएर आत्महत्या गरेको भन्दै परिवारका सदस्यले आफैंले घाँटीमा लगाएको पासो काटेर प्रहरीलाई खबर गरेको अभियोग उनीहरूमाथि लगाइएको छ। इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका तत्कालीन प्रहरी निरीक्षक ललनकुमार कुर्मीको टोली घटनास्थल पुगी जबर्जस्ती आत्महत्याको मुचुल्का तयार पार्न लागेको भन्दै चार दिनसम्म चन्द्रनिगाहपुरमा माइती पक्ष र स्थानीयवासीले प्रदर्शनसमेत गरेका थिए।

प्रहरीले अर्को मुचुल्का तयार पारेपछि मात्रै स्थानीयवासी शान्त भएका थिए। घटनामा संलग्न भएको भन्दै स्थानीयवासीले नियन्त्रणमा लिई सासू, नन्द, श्रीमान् र मामाससुरालाई प्रहरीको जिम्मा लगाएका छन्। महिला हिंसा तथा हत्याको घटनामा प्रहरीले पीडकसँग मिलेर घटनालाई सामान्य तथा आत्महत्याको रूप दिने र कतिपय घटनामा राजनीतिक संरक्षण हुने हुनाले दोषीहरू उम्कने गरेको अधिकारकर्मी विनिता बखेल बताउँछिन्।

इन्सेक रौतहटका अनुसार जिल्लामा दुई वर्षको अवधिमा दाइजोकै निहुँमा १२ जना महिलाको हत्या भइसकेको छ। महिला हिंसाका घटनामा मुख्य कारण दाइजो बन्ने गरे पनि घटनामा संलग्न पीडक पक्राउ नपर्नुले दण्डहीनताले प्रश्रय पाएको र घटनाहरू बढिरहेको इन्सेकका प्रतिनिधि विपिन गौतमको भनाइ छ।

२०६६ पुस २६ गते राजपुर फरदवा गाविस ८ की २० वर्षीया नेकहत यास्मिकलाई ससुरा, श्रीमान् र सासू मिलेर हत्या गरी शव गायव पारेको भन्दै पीडित पक्षले जाहेरी दिए पनि पीडकहरू फरार छन्। यस्तै सन्तपुर मटिऔन गाविस वडा नं. ६ की १९ वर्षीया मञ्जुदेवी साहलाई २०६६ माघ १३ गते हत्या गरी लाससमेत राति नै जलाएको भन्दै ससुरा पतिलाल साह र सासू लालोदेवी साहलाई प्रहरीले पक्राउ गरी मुद्दा चलाएपछि उनीहरू दुवैजना पुर्पक्षका लागि जेलमा छन्। केटा पक्षले विवाहमा १५ हजार रुपैयाँ दाइजो मागेको र पाँच हजार बाँकी रहेको रकम समयमै नल्याएको भन्दै बुहारीको हत्या गरेको माइती पक्षको आरोप छ, पति भने फरार छन्। गरुडा बैरिया- ९ की २० वर्षीया रिकीकुमारी जयसवाललाई २०६७ भदौ १० गते पर्सा जिल्ला रामनगरीका दीपककुमार जयसवाल र ससुरा रामबाबु जयसवालले दाइजोकै कारण बेपत्ता पारेको भन्दै उनका बाबु उमाशङ्कर जयसवालले रौतहट प्रहरीमा जाहेरी दर्ता गराएका

छन् । रिकीको विवाह २०६६ माघमा भएको थियो । विवाहमा दुई लाख रुपैयाँ नगद र सुन-चाँदी दिए पनि नपुगेको भन्दै छोरीलाई यातना दिँदै आएको माइती पक्षले बताएका छन् ।

इनरबारी-५ की २० वर्षीया बबितादेवी महतोलाई ससुरा रामप्रसाद महतो र पति दिनेश महतोले २०६७ असोज १७ गते घाँटी थिचेर धारिलो हतियार प्रहार गरी बिहान शौच गर्न गएको बेला हत्या गरेका थिए । उनीहरू दुवैलाई जिल्ला अदालतले पुर्पक्षका लागि कारागार चलान गरेको छ ।

औरया- ८ की २५ वर्षीया रूपकान्तिदेवी मण्डल, ब्रह्मपुरी- ९ की १८ वर्षीया ममतादेवी दासलगायतका महिलाको परिवारका सदस्यबाटै हत्या भएको छ । रूपकान्तिदेवी मण्डलको गत मङ्सिर ३ गते घरमै घाँटी थिचेर हत्या गरेको आरोपमा फरार रहेका ससुरा साधु भन्ने रामविलास मण्डललाई प्रहरीले हालसालै पक्राउ गरी कारबाही प्रक्रिया अघि बढाएको छ ।

छोराको विवाहमा प्रशस्त दाइजो नल्याएको निहुँमा सासू शैलदेवी, ससुरा रामविलास र लोग्ने दीपक मण्डलसमेत मिलेर रूपकान्तिदेवीलाई घाँटी थिचेर हत्या गरी सबैजना फरार भएपछि मृतक रूपकान्तिका भाइले प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका थिए ।

दाइजो नल्याएको निहुँमा गत जेठ १४ गते राति गौर- १० सबगढा टोलकी १८ वर्षीया संगीतादेवी साहलाई उनका परिवारले हत्या गरेको र राति नै शव जलाएको आशङ्कामा परिवारका सदस्यलाई प्रहरीले खोजी गरिरहेको छ । उनीहरू फरार छन् ।

दाइजो प्रथा कानुनी रूपमा अपराध हो । यो माग्नु नै अपराध हो । तर, रौतहटका बुहारीहरू दाइजो नल्याएकै कारण शारीरिक र मानसिक यातना मात्र होइन हत्याको सिकार पनि बनिरहेका छन् । दाइजो प्रथाको उन्मूलन हुनुपर्नेमा प्रहरीको संलग्नता र दण्डहीनता बढेका कारण यस्ता सामाजिक अपराधले पनि प्रश्रय पाइरहेका छन् । राज्यले यस्ता तथ्याङ्कको बेवास्ता गरिरहेको छ, जसले घटनाहरू बढिरहेका छन् ।

यसबीचमा विवाह भएको दुई महिना बित्न नपाउँदै दाइजोकै विषयमा मानसिक तथा शारीरिक पीडा सहन नसकेर रौतहटमा एक महिला विवाहमा ल्याएको दाइजोसहित २०६८ भदौ २९ गते माइतै फिर्ता भएकी छिन् । रौतहटको चन्द्रनिगाहपुर गाविसकी १८ वर्षीया ती महिलाले श्रीमान्ले विवाह भएदेखि नै मानसिक तथा शारीरिक यातना दिँदै आएको र सहन नसकेको भन्दै प्रहरीमा उजुरी दिएकी थिइन् । उजुरीपछि इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा केटापक्ष र केटीपक्षबीच छलफल हुँदा केटीले श्रीमान्सँग बस्न नसक्ने र विवाहमा लगेको सबै सामान फिर्ता गर्न केटा पक्षसँग माग गरेपछि सरसामान फिर्ता भएको हो । केटीले सँगै बस्न नसक्ने भएकाले आफूले विवाहमा ल्याएको सम्पत्ति फिर्ता पाउन माग गरेपछि दुवै पक्ष राखेर सम्झौता गराएको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी निरीक्षक गौतम मिश्रले बताएका छन् ।

प्रहरीसामु ती महिलाले श्रीमान्ले मदिरा सेवन गरी मानसिक तथा शारीरिक यातना दिँदै आएको बताएकी छिन् । विवाहमा माइतीले दिएको पलङ, सोफा, टीभी, दराज, भाँडाकुँडालगायत सबै सामान चन्द्रनिगाहपुर वडा नम्बर- ९ घर भएका श्रीमान्ले प्रहरीलाई जिम्मा लगाएका थिए ।

रौतहटमा दाइजोको लेनदेन तथा यातनाका कारण धेरै महिला पीडित बन्ने गरे पनि केही घटना मात्रै सार्वजनिक हुने गरेको स्थानीयवासीको धारणा छ ।

*साभार : संचारिका फिचर सेवा*

*(ढकाल पूर्वाञ्चलका सक्रिय पत्रकार हुन्)*

# महिलामा मात्र हुँदैन बाँझोपन

**निःसन्तानहरूका लागि अहिले उपचार पद्धति छ, तर उपचार पद्धतितिरभन्दा पनि सन्तान नहुनु केवल महिलाकै कारणले हो भन्ने मानसिकताले गर्दा धेरै महिलाले तनावबाट निराशातर्फ धकेलिनुपरेको छ ।**

✍ **जमुनावर्षा शर्मा**

एक सम्पन्न परिवारबाट विवाहको प्रस्ताव आउँदा सुनिता भर्खर १९ वर्ष टेक्दै थिइन् । आईएसम्मको अध्ययन सिध्याएकी उनी पढाइलाई निरन्तरता दिन चाहन्थिन् । तर, परिवारका अन्य सदस्यले माग्न आएको घर निकै सम्पन्न र केटा पनि गुमाउन नहुने खालको भन्दै उनलाई विवाह गराइदिए । कास्की निर्मलपोखरीकी उनी अहिले २७ वर्षकी भइन् । विवाह भएको आठ वर्षसम्म पनि सन्तान भएनन् । परिवारबाट उनीमाथि टिप्पणी गर्न थालियो- यो त बाँझी होलाजस्ती छ, नत्र यत्रो वर्षसम्म जायजन्म भइहाल्थ्यो नि । समयसँगै सुनिताको दाम्पत्यजीवनमा नैराश्यता छाउन थाल्यो । जसले गर्दा उनलाई ठूलो मानसिक पीडा थपिँदै गयो न पढाइलाई निरन्तरता दिन सकिन् न जीवनबाट सन्तुष्ट नै हुन सकिन् । परिवारका अन्य सदस्यले श्रीमान्लाई अर्को विवाह गर्न कर गरे । शिक्षण पेसामा संलग्न उनका श्रीमान्लाई परिवारले सन्तान नभएपछि वंश नासिने भन्दै अर्को विवाह गर्न बाध्य पारे । सन्तान नहुनुको दोषमा सुनिताको जीवनमा 'सौता' आइन् ।

घरबाट 'बाँझी' सन्तान जन्माउन नसकेकी भन्ने आरोप र माइती पक्षबाट घर खान नसकेकी, लोग्ने रिझाउन नसकेकी भन्ने वचन । बाहिर हाँसे पनि मनमा अनेक प्रकारका पीडा लिएर सुनिता जीवन अगाडि बढाइरहेकी छिन् । उनी धेरै बोल्न चाहन्नन् ।

पोखरा माटेपानीकी शवी क्षेत्री (२२) को विवाह भएको पाँच वर्ष बित्दा पनि सन्तान नभएपछि श्रीमान्ले सन्तान नहुनुमा श्रीमतीको दोष देखाउँदै अर्को बिहे गरे । तर, अर्को विवाह गरेको पाँच वर्ष बित्दा पनि उनका सन्तान भएनन् । पहिली श्रीमतीबाट सन्तान नहुनुको कारण थाहा पाउँदासम्म धेरै ढिलो भइसकेको थियो । सन्तान नहुनुमा आफू पनि कारण हुनसक्छु भन्ने कुरा बुझेका भए दोस्रो विवाह गरेर दुईजना महिलाको भविष्य तनावमय बनाउने थिएनन् । निःसन्तानहरूका लागि अहिले उपचार पद्धति छ, तर उपचार पद्धतितिरभन्दा पनि सन्तान नहुनु केवल महिलाकै कारणले हो भन्ने मानसिकताले गर्दा धेरै महिलाले तनावबाट निराशातर्फ धकेलिनुपरेको छ । शवीलाई परिवारबाट विभिन्न लाञ्छना लगाउन थालेपछि उनी सिलाइकटाइको काम गरेर दिन बिताइरहेकी छिन् । 'सन्तान जन्माउन नसकेपछि म त्यो घरको सदस्य बन्नसमेत लायक भइनँ, त्यसैले त अनेक कुरा सुन्नुपर्‍यो । अहिले आफ्नो खुट्टामा उभिने कोसिस गरिरहेकी छु,' उनी भन्छिन् ।

सुनिता र शवी हाम्रो समाजका प्रतिनिधि पात्र मात्र हुन् । यस्ता धेरै दिदीबहिनी छन् जो सन्तान नभएको भन्दै घरपरिवारबाट विभिन्न लाञ्छना लगाएर निकालिएका छन् या त अपहेलित जीवन बाँचिरहेका छन् । भाग्यले नदिएको, भगवान्ले नहेरेको भनेर आफूले आफैंलाई

दोष दिने महिलाको सङ्ख्या पनि कम छैन। समाजसेवी फूलकुमारी थापाका अनुसार, महिला हिंसाका अनेक पाटामध्ये बाँझोपनको आरोप पनि एउटा हो, गाउँ-सहर, धनी-गरिब, शिक्षित-अशिक्षित सबै परिवारमा बच्चा नभएको दोष महिलालाई नै लगाउने गरिएको छ।

सन्तान नहुँदा धामी-झाँक्री र जान्नेको शरण पर्नेहरू अहिले पनि त्यत्तिकै छन्। धेरैजसो बाँझोपनको उपचार पनि हुन्छ भन्ने थोरैलाई मात्र थाहा छ। मानिस आफ्नो प्रजनन प्रक्रियामा त्यतिखेरसम्म स्वस्थ हुन सक्दैन जबसम्म आफ्नो जीवनबारे आफैं निर्णय लिन सक्दैन। हाम्रो समाजमा रहेका भेदभावपूर्ण सामाजिक मूल्य र मान्यताले महिला-पुरुष दुवैलाई विभिन्न प्रकारले असर पारेको छ। यसप्रकारको असरले उनीहरूको यौनिकता, प्रजनन निर्णयजस्ता आधारभूत अधिकारमाथि बन्देज लगाएको छ।

विश्व स्वास्थ्य सङ्गठनले परिवार नियोजको कुनै पनि साधनको प्रयोग नगरी एक वर्षसम्म स्त्री-पुरुष सँगै बसी सन्तान प्राप्तिको प्रयास गर्दा पनि सन्तान नभएको अवस्थालाई बाँझोपनको परिभाषाभित्र राखेको छ।

जनसङ्ख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्ययोजनाले प्रजनन स्वास्थ्यअन्तर्गतको क्षेत्रमा बाँझोपनको रोकथाम तथा उपचारलाई समेटे पनि उपचारात्मक र परामर्श सेवा उपलब्ध गराएको तर जनस्वास्थ्यका दृष्टिले जनचेतना जगाउने, रोकथाम गर्ने, प्रचार-प्रसार गर्ने सरकारी कार्यक्रमहरू भने हुन नसकेको पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखराका प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डाक्टर गिरधारि शर्मा बताउनुहुन्छ। बाँझोपनको समस्यामा महिला-पुरुष दुवै बराबरी जिम्मेवार रहने डा. शर्मा बताउनुहुन्छ। बाँझोपन महिला-पुरुष दुवैलाई हुने भए तापनि नेपालमा अज्ञानता र अन्धविश्वासका कारण बाँझोपनको समस्या महिलालाई मात्र हुन्छ भनेर भन्ने मान्यता छ। यसले गर्दा महिलाले अनावश्यक मानसिक पीडा खेप्नु परिरहेको छ। सन्तान नहुने महिलालाई बाँझीको संज्ञा दिइए पनि पुरुषलाई बाँझो भन्ने गरिएको छैन। सामाजिक दृष्टिकोण मात्र नभएर नेपालको कानुनले पनि महिलामाथि भेदभाव गरेको बताउनुहुन्छ अधिवक्ता उषा बरुवाल। 'विवाह गरेको १० वर्षसम्म जीवित बच्चा जन्मेको छैन भने उनको पतिले विवाह गर्न पाउने व्यवस्था कानुनमा छ, यसले महिलाको बारेमा भने उल्लेख गरेको छैन। पुरुषबाट बच्चा नभए महिलाले अर्को विवाह गर्न मिल्ने या नमिल्ने कुरामा कानुन मौन छ। यसले दोष महिलामा मात्र हुन्छ भन्ने अन्धविश्वासलाई प्रोत्साहन गरेको छ र बाँझोपनको समस्या पुरुषमा पनि हुनसक्छ भन्ने वास्तविकतातर्फ ध्यान पुऱ्याएको छैन।

अन्य औषधोपचारबाट सन्तान प्राप्त नभएको अवस्थामा काठमाडौंको निःसन्तान केन्द्र र ओम अस्पतालले बाँझोपनको उपचारमा विशेषज्ञ सेवा उपलब्ध गराइरहेका छन्। यी स्वास्थ्य केन्द्रबाट आईभीएफ (टेस्टट्युब बेबी) प्रविधिको सेवा लिन सकिन्छ। यी केन्द्रबाट टेस्टट्युब बेबी सेवा लिएर कतिले सन्तान प्राप्त गरिरहेका छन्। डा. शर्माका अनुसार पुरुषमा शुक्रकीटको उत्पादनमा कमी भएमा, वीर्य वाहिनीनली ट्युमर वा यौनरोग सङ्क्रमणका कारण बन्द भएमा सन्तान उत्पादनमा असर पर्छ। यस्तै सिफलिस, गनोरिया, एचआईभी/एड्स आदि यौनसंसर्गबाट सर्ने यौनजन्य रोगबाट पनि बाधा पर्नसक्छ भने एड्सबाहेक अन्य

रोगको उपचार गरी सन्तान प्राप्त गर्न सकिन्छ। महिलामा पनि डिम्बको विकास समयमै हुन नसक्नु, अनियमित महिनावारी, डिम्बवाहिनी नलीको विकास हुन नसक्नु तथा रोगका कारण साँघुरिनु वा टालिन जानु, असुरक्षित गर्भपतनका कारण हुनसक्ने सङ्क्रमणबाट बाँझोपनको समस्या देखापर्छ। लागूपदार्थको दुव्यर्सन, धूमपान, मादकपदार्थको अत्यधिक सेवनले पनि समस्या निम्त्याउन सक्छ। समस्या आइसकेको अवस्थामा बेलैमा उपचारतर्फ ध्यान दिएमा सन्तानको चाहना पूरा हुन सक्ने डा. शर्माले बताउनुभयो।

बाँझोपनका कारण सन्तान प्राप्त नभएमा दम्पतीले समयमै उपचार सेवा लिएर सन्तान प्राप्तिको चाहना पूरा गर्न सक्छन्। बाँझोपन पुरुष र महिला दुवै वा कुनै एकजनामा भएको स्वास्थ्य समस्याका कारण हुने भएकाले दम्पतीले नै स्वास्थ्य परीक्षण गरी उपचार गर्नुपर्छ। प्रजनन स्वास्थ्य समस्या, यसको रोकथाम तथा उपचारका लागि पनि सरकारले विशेष कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक देखिन्छ।

*साभार : संचारिका फिचर सेवा*

***(जमुना पोखराबाट प्रकाशित हुने पोखरा एक्सप्रेस पाक्षिककी सम्पादक हुन्।)***

## फिचर लेखका लागि अनुरोध

सञ्चारिका समूहले लैङ्गिक हिंसाविरुद्धको अभियानअन्तर्गत फिचर सेवा प्रारम्भ गरेको छ । प्रत्येक महिना प्रकाशित हुने फिचर सेवामा महिलामाथि हुने गरेका विविध हिंसामा आधारित पाँचवटा फिचर लेख समावेश हुनेछन् । फिचर सेवाका लागि नौदेखि ११ सय शब्दसम्मको फिचर लेख पठाउनका लागि फिचर लेखकहरूमा अनुरोध गरिन्छ । प्रकाशित गर्न उपयुक्त ठानिएको फिचरका लागि पारिश्रमिकस्वरूप रु. ३,०००/- (तीन हजार) प्रदान गरिनेछ । प्राप्त फिचर प्रकाशित गर्ने वा नगर्ने अधिकार सञ्चारिका समूहमा निहित रहनेछ ।

यो फिचर सेवा मुलुकभरिबाट प्रकाशित हुने सबै पत्रपत्रिकालाई निःशुल्क उपलब्ध गराइनेछ । फिचर प्राप्त नभएको भए जानकारीका लागि समूहको केन्द्रीय कार्यालय काठमाडौंमा इमेल या टेलिफोनमार्फत खबर गरिदिनुहुन विभिन्न जिल्लास्थित पत्रपत्रिकाका सम्पादक तथा प्रकाशकज्यूहरूलाई अनुरोध गर्दछौं । यो फिचर सेवा एफएम स्टेसनहरूका लागि पनि उपयोगी हुने विश्वास हामीले लिएका छौं । फिचर उपयोग गर्न चाहने एफएम स्टेसनहरूलाई पनि सम्पर्कका लागि अनुरोध गर्दछौं । फिचर प्रकाशित/प्रसारित गर्दा 'साभार : सञ्चारिका समूह' भनी उल्लेख गरिदिनुहुन आग्रह गर्दछौं ।


**युएनएफपीएको सहयोगमा संचारिका समूहद्वारा प्रकाशित**



**सम्पर्क ठेगाना**
सञ्चारिका समूह, एकान्तकुना, भनिमण्डल, ललितपुर
पोष्ट बक्स नं : १३२९३, काठमाडौं
फोन नं : ५५५११८२, ५०००५१९
इमेल : sancharika@wlink.com.np
वेभ साइड : www.sancharika.org

**संयोजन/सम्पादन**
**बबिता बस्नेत**